# मर्चवारी गाउँपालिका

रायपुर,रुपन्देही

## मर्चवारी राजपत्र

## मर्चवारी गाउँपालिकाद्वारा प्रकाशित

पारित मितिः२०७९/१०/०५

# विपन्न आवास निर्माण कार्यविधि, २०७९

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

विपन्न आवास निर्माण कार्यविएधि २०७९

प्रस्तावना यस गाउँपालिका अन्तर्गत बसोबास गरि रहेका, खेती योग्य भूमिहिन अधिकतम १० दश कट्ठा जग्गा रहेका, बिपन्न, असहाय, जोखिममा परेका रोजगारको अवसर बाट बञ्चित घरपरिवारको लागी घाम, पानी, बर्षा, जाडो, गर्मी बाट जोगिन बाँच्नका लागी चाहिने आधारभूत आवश्यकताको परिपुर्तिका लागी आवास बान्छनीय भएकोले यस गाउँपालिकाले "विपन्न आवास निर्माण कार्यबिधि २०७९" बनाई लागु गरेको छ ।

## परिच्छेद- १

प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :-

(क) यो कार्यबिधिको नाम "विपन्न आवास निर्माण कार्यबिधि २०७९" रहेकोछ।

(ख) यो कार्यबिधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२ ) परिभाषा बिषय व प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) गाउँपालिका भन्नाले मर्चवारी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) वडा भन्नाले गाउँपालिका भित्रको वडालाई सम्झनु पर्दछ ।

(ग) केन्द्र भन्नाले संघीय सरकारलाईसम्झनु पर्दछ ।

(घ) प्रदेश भन्नाले प्रदेश सरकारलाईसम्झनु पर्दछ ।

(ङ) संघ संस्था भन्नाले सरकारी तथा गैरसरकारी संघ संस्थालाई सम्झनु पर्दछ ।

(च) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(छ) परिवार भन्नाले एकै चुलोमा खाना पकाई खाने ब्यक्तिहरुको समूहलाई सम्झनु पर्दछ ।

(ज) ब्यक्ति भन्नाले परिवारको सदस्यलाई सम्झनु पर्दछ ।

(झ) आवास भन्नाले घरलाई सम्झनु पर्दछ ।

(ञ) अनुदान भन्नाले घर बनाउनका लागी उपलब्ध गराईएको बजेटलाई सम्झनु पर्दछ ।

(ट) नियमावली भन्नाले संघीय प्रदेश र स्थानीय सरकारले बनाएको नियमहरुको संग्रह सगालो लाई सम्झनु पर्दछ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

परिच्छेद- २

आवासका लागी परिवार छनौट तथा अनुदान बितरण

सर्वारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

३) आवास निर्माणका लागी परिवार छनौटका आधारहरु :-

(क) घर बनाउनका लागी परिवारको नाममा नम्बरी व घरवास मिनहीडिहको जग्गा भएको ।

(ख) खेतीयोग्य जग्गा नभएको वा अधिकतम १०- दश कट्ठा जग्गा मात्र भएको ।

(ग) गरीब बिपन्न जोखिमा परेको अशक्त असहाय रोजी रोजगारको अवसरबाट बञ्चित रहेको ।

(घ) बार्षिक अधिकतम आय रु २०००००।-दुई लाख भन्दा बढी नरहेको ।

(ङ) नेपाली नागरिकता प्राप्त गरी पालिका भित्र बसोबास गरि रहेको ।

४) छनौट प्रक्रिया :-

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

(ख) जग्गा धनि दर्ता प्रमाण पुर्जा व सम्बन्धित वडाले चारकिल्ला खोलि प्रमाणित गरेको घडेरीको कागजात।

(ग) परिवारिक विवरण नाम नामेशी सहित

(घ) रितपुर्वकको आवेदन-

५) आवास योजनाको अनुदान उपल्बध गराइने :-

(क) स्वीकृत आवास योजनाको बजेटको परिधिभित्र रही पालिका स्तरमा देहाय बमोजिमका परिवारलाई आवास अनुदान उपलब्ध गराइने छ ।

(अ) उपदफा (३) बमोजिम प्राथमिकता क्रम निर्धारण गरी पालिकाभित्र बसोबास गर्ने नेपाली नागरिकहरुको प्राप्त आवेदन संकलन गरिनेछ ।

(आ) प्राप्त आवेदन अनुसार छानबीन गरी विपन्न आवास निर्माण योजनाका लागी बिनियोजित गरिएको बजेटको परिधि भित्र रही प्राथमिकता क्रमका आधारमा घर परिवार छनौट गरिने छ ।

(इ) छनौट भएको घर परिवारलाई लाई जानकारी गराई श्रमदान निजले नै उपलब्ध गराउनु पर्ने छ ।

(ई) सम्झौता गरेको मिति देखि समयमा नै योजना सम्पन्न गर्नु पर्ने छ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

परिच्छेद – ३

## आवास निर्माणका लागी सेवा सुविधा,सर्त सम्बन्धी व्यवस्था

आवास निर्माण सम्बन्धि व्यवस्था घर परिवारले आवास निर्माणको सेवा सुविधा लिंदा देहाय अनुसार गर्नु पर्छ ।

(क) जग्गा भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ख) नाम नामेशी सहित पारिवारिका विवरण ।

(ग) दोहोरो नपर्ने गरि सेवा सुविधा लिएको प्रतिवद्धता पत्र ।

(घ) तोकिएको म्याद भित्र घर बनाउनु पर्ने शर्त ।

(ङ) बनेको आवास कम्तीमा ५ पाँच वर्ष सम्म विक्री वितरण हक हस्तान्तरण गर्न नपाउने ।

(च) नक्शा डिजाइन अनुसार आवास बनाउनु पर्ने छ ।

(छ) थप नक्शा डिजाइन थपेमा सोको लागत आफैले बेहोर्नु पर्ने छ ।

७) विपन्न आवास निर्माण योजना छनौट समिति र काम कर्तब्य र अधिकार

१) विपन्न आवास निर्माण योजना छनौट समिति देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) प्रमुख प्रसाशकीय अधिकृत — सदस्य

(ग) गाउँपालिका अध्यक्षले मनोनित गरेको कार्यपालिका सदस्यहरु मध्ये एक जना महिला पर्ने गरी दुई जना प्रतिनिधि सदस्य

(घ) गाउँपालिका प्रशासन शाखा प्रमुख — सदस्य सचिव

२) काम कर्तव्य र अधिकारः

(क), गाउँपालिका भित्र यस कार्यविधिमा उल्लेख गरिएको परिवारहरुको लागत विवरण तयार गर्ने गराउने

(ख) रितपुर्वक आवश्यक कागजातहरु सहित आवेदन माग गर्ने ।

(ग) विनियोजित बजेटको अधिनमा रही घर परिवार छनौट गर्नुको लागि गाउँ कार्यपालिकाको बैठकमा पठाउने ।

(घ) कार्यपालिकाबाट छनौट भएका घर परिवार आवास निर्माणको योजना स्वीकृत भएको जानकारी गराई आवास निर्माणको सम्झौता गर्न।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

(ङ) लागत स्टीमेट नक्शा डिजाइन उपलब्ध गराई निर्माण कार्य गर्ने गराउने

(च) नापी किताब काम सम्पन्न भए पछि कार्य सम्पादन मुल्याङ्कन गरि भुक्तानी दिने ।

८) आवास योजनाको कार्यक्रम रद्द हुनेः-

१) देहायको अवस्थामा जुनसुकै बखत आवास योजनाको कार्यक्रम रद्द गर्न सकिने छ ।

(क) आफ्नो जग्गा नभएमा ।

(ख) ब्यहोरा ढाटी झुट्टा आवेदन पेश गरेमा |

(ग) आवास योजनाको कार्य सन्तोषजनक नभएमा ।

## परिच्छेद- ४

## बिभिन्न निकायको भुमिका

९) स्थानीय तहको भुमिका :- विपन्न आवास निर्माण योजना छनौट र बितरण मा गाउँपालिकाको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) प्राथमिकताक्रमको आधारमा सूची तयार गर्नु

(ख) तोकिएको आधार बमोजिम घर परिवार छनौटका समितिमा पेश गर्ने ।

(ग) छनौटमा परेका आवास निर्माणका लागी आवश्यक बजेटको नियमानुसार ब्यवस्थापन गर्ने ।

(घ) समय समयमा अनुगमन गर्ने ।

ङ) आवश्यकता अनुसार प्राविधिक कार्य गर्ने गराउने ।

(च) काम कार्वाहीका सम्बन्धमा प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने ।

२) प्रदेशको भुमिका :- विपन्न आवास निर्माण योजनाका लागी स्थानिय निकाय संग समन्वय, सहकार्य र साझेदारीका लागी बजेट बिनियोजन गर्ने गराउने ।

३) संघीय सरकारको भूमिकाः- विपन्न आवास निर्माण योजनामा स्थानीय सरकारलाई थप बजेट उपलब्ध गराउन सक्नेछ ।

४ ) सरकारी तथा गैर सरकारी संघ संस्थाको भूमिकाः- विपन्न आवास निर्माण योजना सहित यस

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

प्रकारका आवास योजना दोहोरो नपर्ने गरी गाउँपालिका संग समन्वय गरी एक द्वार प्रणालीबाट आवास योजना संचालन ब्यवस्थापन र अनुगमन गर्ने गराउने ।

## परिच्छेद - ५बिबिध

**११) थप सुबिधा उपलब्ध गराउन सक्ने :-** यस कार्यबिधि अनुसार संघ संस्थाले व ब्यक्ति आफैले आफ्नै स्रोतबाट थप कार्य गर्न सक्नेछ ।

१२) संध सस्थाले साझेदारी गरी यस कार्यबिधि अनुसार आफैले पनि कार्यबिधि बनाउन सक्ने छ ।

**१३) कार्यबिधि ब्याख्या गर्न सक्ने :-** कार्यबिधिमा उल्लेख भएका ब्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यबिधिको मर्म तथा प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यक ब्याख्या गर्ने अधिकार गाउँपालिकामा हुनेछ ।

**१४) प्रचलित कानून अनुसार हुने :-** यस कार्यबिधिमा लेखिएका बिषयहरु यसै कार्यबिधि अनुसार हुने छन् र यसमा उल्लेख नभएका बिषयहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

**१५) बाझिएमा अमान्य :-** हुने यस कार्यबिधिमा प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून नै मान्य हुनेछ ।

२०७८/१०/१५

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष